मानवअधिकार एलाइन्स
HUMANRIGHTS ALLIANCE
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
National Alliance for Human Rights and Social Justice, Nepal

मिति : २४ श्रावण २०७४

## प्रेस विज्ञप्ती

हालैका दिनमा जिल्लाका बिभिन्न स्थानमा खाल्डोमा डुबेर ११ भन्दा बढी बालबालिकाले ज्यान गुमाएकाप्रति राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स) गम्भीर चासो व्यक्त गर्दछ। सडक निर्माणका क्रममा गरिएको गम्भीर लापरवाहीका क्रममा बनेका खाडलमा पानी जमी यी अवोध बालबालिकाले ज्यान गुमाउन पुगेका छन् । पछिल्लो पटक गत शनिबार गरुडा नगरपालिका ४ स्थित खाल्डोमा जमेको पानीमा डुबेर एकै परिवारका ३ र आफन्तको एक गरी ४ बालिकाको मृत्यु भएको थियो। गत शनिवार दिउसो भएको सो घटनामा स्थानीय रामएकवाल साहका छोरीहरु १२ वर्षीया संगिता कुमारी साह, ९ वर्षीया सुनिता कुमारी साह, उनका भतिजा (दाईको छोरा) प्रेमनारायण साहकी छोरी ९ वर्षीया सुस्मिताकुमारी साह, नातामा भाइ पर्ने योगेन्द्र साहकी छोरी ९ वर्षीया सुनैनाकुमारी साहको मृत्यु भएको थियो । अधिकांश यस्ता दुखद घटनामा ठेकदारले गरेको लापरवाही मुख्य कारक देखिएको छ र सरकारले यस्ता गम्भीर घटनामा मुख्य दोषी सडक बनाउने ठेकेदार तथा डिभिजन सडक कार्यालयका कर्मचारी भएको स्पष्ट देख्दा देख्दैपनि कारवाहीको दयरामा ल्याउन नसकी लाचारी देखाएको छ । लपारवाही गर्ने जो कोहीलाई कानुनको दयरामा ल्याई आवश्यक कारवाही गर्न तथा पीडितहरुलाई ततकाल क्षतिपुर्ति सहित उद्धारको कार्यमा तीव्रता दिई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक संयन्त्र परिचालन गर्न समेत मानवअधिकार एलाइन्स सरकार समक्ष जोडदार माग गर्दछ ।

मीनबहादर शाही
अध्यक्ष

डा. पद्मप्रसाद खतिवडा
महासचिव

**Contact Office: Sanepa, Lalitpur, Phone + 977-1- 5548040**
**Post Box No – 9993 G.P.O. Kathmandu,Nepal, Email: alliance.humanrights@gmail.com.np**